# धर्म सम्प्रदाय

Notes by Franklin

१. विषय प्रवेश

    क. धर्म पुस्तकबाटको चेतावनी
    ख. व्याख्या

२. योहवा साक्षीहरु

    क. पृष्ठभूमि
    ख. सांराशमा बाइबल बाहिरका शिक्षाहरु

३. मोरमोनवादी

    क. पृष्ठभूमि
    ख. सांराशमा बाइबल बाहिरका शिक्षाहरु

४. एकीकरण गर्ने मण्डली

    क. पृष्ठभूमि
    ख. सांराशमा बाइबल बाहिरका शिक्षाहरु

५. न्यु ऐज मुभमेन्ट

    क. पृष्ठभूमि
    ख. सांराशमा बाइबल बाहिरका शिक्षाहरु

६. "येशु मात्र" मण्डलीहरु

    क. पृष्ठभूमि
    ख. सांराशमा बाइबल बाहिरका शिक्षाहरु

७. सातौँ दिन

    क. पृष्ठभूमि
    ख. सांराशमा बाइबल बाहिरका शिक्षाहरु

८. दिमागी विज्ञान

    क. पृष्ठभूमि
    ख. सांराशमा बाइबल बाहिरका शिक्षाहरु

९. धर्मशास्त्र सम्बन्धि सूचीपत्र

# धर्म सम्प्रदाय

Notes by Franklin

## १.परिचय

### क. धर्मशास्त्रबाट चेतावनी

१ मत्ती २४: ४-५ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, “होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। किनभने धेरै जना मेरो नाउँमा ‘म ख्रीष्ट हुँ’ भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्।

मत्ती २४: ११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्।

मत्ती २४: २४ किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्।

१ यहून्ना २: १८-१९ बालकहरू, आखिरी घड़ी यही हो। ख्रीष्ट विरोधी आइरहेछ भन्ने तिमीहरूले सुनेका छौ। अब धेरै ख्रीष्ट विरोधी आएका छन्। यसकारण हामी जान्दछौं, कि यो आखिरी घड़ी हो। तिनीहरू हामीबाट निस्केर गए, किनकि तिनीहरू हाम्रा थिएनन्। यदि ती हाम्रा हुँदा हुन् त तिनीहरू हामीसँगै रहिरहनेथिए, तर तिनीहरू सबै हाम्रा होइन रहेछन् भन्ने कुरा प्रकट गराउनलाई तिनीहरू निस्केर गएका हुन्।

गलाती १: ६-९ मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँड़ै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ। 7 वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोहीकोही छन्, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन्। 8 हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्‍यो भने पनि त्यो व्यक्ति श्रापित होस्। 9 हामीले अघिदेखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरूले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरीत अरू कसैले तिमीहरूलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्।

### ख. व्याख्या

१. इसाई जातिहरुमा **धर्म सम्प्रदाय** भएका समूहमा रहेका व्यक्तिहरु छन् ,जसले आफु इसाई हूँ भन्ने दावी गर्छन् ,जसले निश्चित व्यक्ति प्रमुख ,सामुहिक प्रमुखहरु अथवा संस्थाका सिद्धान्त प्रणाली शिक्षालाई अँगालेको हुँन्छ । जसले एक वा एक

भन्दा बडी प्रमुख इसाई विश्वासका सिद्धान्तलाई इन्कार गर्दछ जुन बाइबलद्वारा सिकाइएको छ ।

२. **धर्म सम्प्रदाय** - भिन्न प्रकारका चरित्र भएका धार्मिक समूह:

क) व्यक्ति प्रमुख जसले दावी गर्छ कि ऊ परमेश्वरबाट बोलाइएको हो र उसलाई विशेष सन्देश दिइएको छ जुन धर्मशास्त्र बाइबलमा भेटइदैन ।

ख) ती व्यक्तिहरुले प्रेरित भएर लेख लेखेको भन्नछन् जुन सन्देश प्राय समयपूर्व नै तय गरिएको हुन्छ र त्यो प्राय शंकास्पद प्रकृतिको हुन्छ । यी सिद्धान्तहरुले धर्मशास्त्रका कुराहरुलाई खण्डन गर्ने अभ्यास गर्दछ ।

ग) उसको अगुवाइ आधिकारिक हुन्छ र त्यसलाई साहयता वास्तविक जीवनको मागले गरेको हुन्छ ।

घ) ती समुहले आफु हिडेको बाटो नै सत्य हो भनी घोषणा गर्छ ।

ङ) उनीहरु सबैबाट उत्पीडित भएको आशा गर्छन् ।

३. **धार्मिक विधि -** एउटा यस्तो समुहजसले आफुलाई स्वीकारीयको समुहबाट छुट्टै राख्छ र जसको केही सिद्धान्तहरुमा धेरै कडाइ ,समर्पण अथवा केहीकार्य गर्ने छुट्टै तरिका हुन्छ । प्राय तय मुख्य सिद्धान्तका केही पक्षमा कट्टर विश्वास हुन्छ जुन हराइसकेको, अवहेलना गरिसकेको, जुन ठिक रुपमा गरिएको हुँदैन भन्ने सोचिन्छ । उदाहरणका लागि क्वेकर्स, मीननोनाइट्स, सालवेसन आर्मी, प्लाइमाउथ बृथ्रेन र पेन्टिकोस्टल लाई राखौं । यी सबैलाई अहिले सम्प्रदायिक वर्गीकरण गरेर यसको वास्तविक स्थानमा राखिएको छ ।

४. **सम्प्रदाय :** एउटा धार्मिक विधि जुन मूलधार इसाई धर्मको बाटोबाट छुट्एिको छ र जसले यी समयमा स्थिर र विश्वसनीय इज्जत धर्म कट्टरतामा स्थापना गरेको छ ।

५. **मैलिकतावादी प्रिन्ज गती -** सैद्धान्तिक रुपले तिनीहरु धर्म निष्ठामा कट्टर हुन्छन्, जसले धर्मशास्त्रको आधिकारीक कुरामा विश्वास गर्छन् । त्रिएक, ख्रीष्टको परमेश्वरत्व र अर्को ऐतिहासिक ईसाइ जातीको संख्यात्मक सिद्धान्त हो । विधि शास्त्रमा र अभ्यासमा तिनीहरु साधारण अधिकार प्राप्त व्यक्ति र अहंकारी व्यक्तिबाट नेत्तृत्व गरिएको, जसले आफ्नो अनुयायीहरुको व्यक्तिगत जीवनमा कडा रुपले नियन्त्रण गरेको हुन्छ ।

## २. यहोवा साक्षीहरु

## क. पृष्ठभूमि

वाचटावर बाइबल र समाजको खण्ड धेरै जसो साधारण रुपले यहोवाका साक्षीहरुको रुपमा परिचित छन्, चार्लस् टेज रसेलद्वारा सन् १८८० मा यहोवा साक्षीहरुको स्थापना भएको थियो, जो अलीघेनी पेन्सिलभेनियाबाट आएका थिए । रसेल प्रेसबाइटेरियन र कङ्ग्रीगेसनल चर्चहरुमा बच्चाको रुपमा उपस्थित भए र नरक बारेको शिक्षा बुझ्नमा आफुलाई असमर्थ पाए । सातौँ दिन अवतारी रसेलले तिनीहरुले सिकाएको शिक्षा अँगाले जून नरक भन्नाले चिहान भन्ने जनाउँछ र अन्तिमा गएर अन्यायीको अस्तित्व मेटिन्छ नताकी अनन्तकालसम्म लगातार पीडा दिइन्छ । अवतारीको प्रभावद्वारा आत्मिकी “उपस्थिति” जूनपहिले नै शुरु भइसक्यो न ताकी शाब्दिक रुपले शरीर फर्केर भविष्यमा त्यसको ठाँउ लिन आउँछ । रसेलको मृत्यु सन् १९१६ मा भएको भन्ने विश्वास गरिन्छ, जून बेला पहिलो विश्वयुद्ध भएको थियो ।

जोसेफ रदरफोर्ड (मृत्यु सन् १९४२) समाजको कानुनी सल्लाहकार, रसेललाई यो गतिको प्रमुख बनाउन सफल भए र यो उस मूनिको अगुवाईमा उनीहरुले “यहोवा साक्षी” नाम बनाए, जून यशैया ४२:१२ बाट बनाइएको हो । हालको समयमा ५०लाख कृयाशील यहोवाका साक्षीहरु विश्वभर छन् । उनीहरु धेरै कुरा बढाएर भन्ने प्रयास गर्नेका रुपमा चिनिन्छ । १० करोड घण्टा प्रतिवर्ष समर्पित भएर साक्षी दिन्छन् । यो चाहि २०० घण्टा प्रति सदस्य प्रति वर्ष हुन आउँछ । यहोवा साक्षीहरुले विशाल रुपमा लेखिएका लेखहरु पनि बाड्छन् जुन अरु धर्म सम्प्रदायको भन्दा बढी छ ।

## ख. बाइबल बाहिरका शिक्षाहरुको सारांश

१. **बाइबलको अधिकार**को साट्टो उनीहरुको प्रमुखद्वारा गरिएको व्याख्यालाई नै अन्तिम अधिकार हो भने । रसेल र रदरफोंडले लेखेका लेखहरुलाई बाइबल भन्दा माथि प्राथिमिकतामा राखे । तिनीहरु आफूले बनाएको नयाँ संसारको लेनदेन मात्रप्रयोग गरे ।
**उत्तर :** धर्मशात्रमा भएका अधिकारले येशु ख्रीष्ट आफैलाई चिनाउँछ जो लुका ४:४ र ८ मा छ । यो पनि हेर्नु २ तिमोथि ३:१६ र २ पत्रुस ३:१५–१६

२. **त्रिएक**लाई धर्मशात्र बाहिरको भनेर इन्कार गरिन्छ र त्यसको परिणाम मूर्तिको प्रभाव मानिन्छ ।
**उत्तर :** त्रिएक आधारभूत सिद्धान्त भनेर १ पहिलो श्रेणीमा लेखिएको छ ।

३. उनीहरु गलत सोच्छन् कि अन्यायी लेखकले परमेश्वरको साँचो नाम यहोवालाई बाइबल धर्मशास्त्रबाट हटाई दिए । उनीहरुले “यहोवा” नामलाई फेरि बाइबलको नयाँ विश्व अनुवादमा राखेका छन् ।

**उत्तर :** सामान्य रुपमा देवहरुलाई परमेश्वर भनेर चिनिन्छ जसको मौलिक अनुवादीत नाम हो ऐलोहिम (उत्पति १:१ र अरु धेरै पदहरुमा) । एलोहिम भनको बहुबचन हो जसले एकभन्दा धेरै जनाउँछ, जुन शब्दले त्रिएकलाई प्रकट गर्छ । यो अर्को नाम जसलाई साँचो नाम भनेर विशेष गरेर परमेश्वरले निर्धारित गर्नुभएको हो, त्यो चाहिँ चार अक्षरमा वाई एच डब्लू एच (प्रस्थान ३:१४, यशैया ४२:८ र अरु पदहरु) । यो चाहिँ धर्मशास्त्रबाट हटाइएको छैन । किनकी यहुदीहरुमा आस्था छ कि त्यो अलौकिक महा पवित्र नाम हो, त्यसैले उनीहरु त्यसलाई कहिल्यै उच्चाहरण गर्दैनन् । तसर्थ यसलाई अनुकुल रुपमा अनुवाद गरिएको छ, जसलाई “लर्ड”( सबै ठूलो अक्षरमा ) भनेर अङ्ग्रेजी अनुवाद गरिएको छ । सही उच्चाहरण थाहा नभएकोले तसर्थ यसलाई जेहोवा अथवा यहोवा भनेर उच्चाहरण गरिन्छ । हिब्रु बाट **वाई एच डब्लू एच** क्रियापद लिइएको हो, जसको अर्थ हो: हुनु, अस्तित्व राख्नु, बन्नु

४. उनीहरु **येशु ख्रीष्ट** परमेश्वर हो भन्ने शिक्षालाई स्वीकार गर्दैनन् र उनीहरु येशु ख्रीष्ट एक स्वर्गदूत र पहिलो सृष्टि गरिएको मानिसका रुपमा लिन्छन् । येशु ख्रीष्ट यहोवाको काम गर्ने व्यक्ति थिए जसले सबै थोक सृष्टि गरे र जसलाई यहोवा परमेश्वरले सृजना गर्नु भएको हो । यद्धपि उनी प्राकृतिक रुपमा परमेश्वर नभए पनि उनी एक “शक्तिशाली” हुन् , र तसर्थ परमेश्वर शब्दलाई हल्का रुपमा लिएर येशु ख्रीष्टलाई पनि परमेश्वर भन्दछन् । उनीहरुले उनीहरुको यूहन्ना १:१ अनुवादलाई परिवर्तन गरे कि “आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन एक परमेश्वर हुनुहुन्थ्यो।”

**उत्तर :** युहन्ना १२:३९–४१ ले भन्छ कि येशु चाहिँ त्यो व्यक्ति हुनुहुन्थ्यो जसलाई यशैयाले मन्दिरमा देखेका थिए र यशैया ६:५ ले भन्छ कि उहा चाहिँ यहोवा हो । प्रकाश १:१७ मा प्रभु येशु ख्रीष्टले आफैलाई यसो भनेर व्याख्या गर्नुभयो “पहिलो र अन्तिम” जुन चाहिँ यशैया ४४:६ मा यहोवाको अद्बितीय शीर्षक हो । (हेर्नु १ पत्रुस २:८ सँग यशैया ८:१३–१४; प्रकाश २:२३ सँग यर्मिया १७:८–१०)

५. उनीहरु ख्रीष्टको शाररीक शरीरको **पुनरुत्थान**लाई इन्कार गर्दछन् । उनीहरु भन्दछन् कि ख्रीष्टलाई अदृश्य आत्माका रुपमा उत्पन्न गरियो र फेरि स्वर्गदूत बनाइयो ।
**उत्तर :** लुका २४:३९–४३ , युहुन्ना २०:१७–२७

६. **पवित्र आत्मा** नता व्यक्ति हो नता प्रभुको सदस्य हो ,तर त्यो यहोवाको क्रियाशील शक्ति हो, जुन शक्ति यहोवाको इच्छा पूरा गर्नलाई उत्पन्न हुन्छ ।
**उत्तर :** प्रेरित ५:३–४

७. उनीहरु भरोसा गर्दैनन् कि कुनै व्यक्तिको शरीर मरे पछि त्यसको **आत्मा** बाँच्छ । उनीहरु शिक्षा दिन्छन् कि मृत्युपछि अन्त हुन्छ, अस्तित्व रहँदैन तर पुनरुत्थानको बेला यहोवाले फेरि सबैलाई आफ्नो स्मरणबाट बनाउनु हुन्छ ।
**उत्तर :** २ कोरन्थी ५:३–४

८. उनीहरु शिक्षा दिन्छन् कि विश्वासिको धेरै भिन्न **वर्गहरु** छन् जसको धेरै गन्तव्य र उद्देश्य छन् । प्रकाशको ७ र १४ मा १,४४,००० जना त्यो हुन् , जो चाहिँ येशु ख्रीष्टसँगै आत्मामा रहन फेरि “जन्मनेछ” र उनीहरु ख्रीष्टसँगै स्वर्गमा राज्य गर्ने छन् । बाँकी चाहिँ पुनरुत्थान गरिएको शरीर लिएर सिँङ्गगारिएको पृथ्वीमा बस्नेछन् ।
**उत्तर :** बाइबल बाहिरको नचाहिने कुरा

९. उनीहरु यो शिक्षा दिन्छन् कि परम्परागत सोचाइमा कुनै **नर्क** हुँदैन । जसलाई त्यहाँ पठाएर नष्ट गरिन्छ नता कि अनन्तकालसम्म पीडा दिईन्छ ।
**उत्तर :** २ थेसोलोनोकी १:८–९

१०. **येशु ख्रीष्टको मृत्यु** हाम्रो पापको रिहाइको ज्याला हो, जुन पाप आदमबाट एकसाथ शुरु भएको थियो । उहाँलाई अदृश्य आत्माको रुपमा हुर्काइयो, जसको कारण उहाँले शाररीक पृथ्वीको जीवन गुमाउनु पर्‍यो ।
**उत्तर :** यूहन्ना २०:१७,२७ ; एफिसी १:९–११

११. **मुक्ति** ख्रीष्ट येशुमा विश्वास राख्दा र त्यो अनुरुप काम गर्दा पाइन्छ ,जस्तै उनीहरुको शिक्षाबाट आत्मिकी शिक्षालाई लिनु, प्रभुको राज्यको काम घरको ढोका ढोकासम्म गएर साक्षी दिनु, उनीहरुबाट बप्तिसमा लिनु र नैतिक जीवन जीउँनु ।
**उत्तर :** तितस ३:५

१२. ख्रीष्टको **दोस्रो आगमनको** बारे उनीहरु इन्कार गर्छन् कि ख्रीष्ट शाररीक रुपमा पृथ्वीमा फर्कनु हुन्छ । यद्दपि उँहाको अदृश्य उपस्थिती १९१४ मा शुरु भयो, जुन शास्त्रिक घटनाले अमरगेदोनको युद्धको नेतृत्व र सहस्त्राब्दीको सुरुवात गर्छ । वाच् टावोर समाजमा अरमागेदोन कहिले प्रकट हुन्छ भन्ने विभिन्न समय तोक्नेका रुपमा चिनिन्छ जुन भविष्यवाणी बारम्बार असफल भइरहेको छ र जुन भ्रमबाट मुक्त भएर धेरै सदस्यहरुले यो अभियानलाई छोडेका छन्।
**उत्तर :** प्रेरित १:१०–११

१३. उनीहरु सबै संगठित धर्मको निन्दा गर्छन् र यो शिक्षा दिन्छन् कि उनीहरु बाहेक सबै प्रचारक धोका र छल्ने व्यक्ति हुन् ।
**उत्तर :** धर्म सम्प्रदायको व्याख्यालाई हेर्नु होस् ।

१४. उनीहरु विवाह गर्न र बच्चा जन्माउनुलाई निरुत्साहित गर्छन् र भन्दछन् किनकि समय धेरै छोटो छ ।
**उत्तर :** उत्पति १:२८

१५. उनीहरु कुनै पनि देशको झण्डालाई चिन्दैनन् ,कुनै देशको झण्डालाई सलाम गर्दैनन् र कुनै युद्धमा भाग लिदैनन् ।
**उत्तर :** रोमी १३:१–७

१६. उनीहरु जन्मदिन, क्रिसमस, ईस्टर अथवा अन्य कुनै बिदालाई मतलब गर्दैनन् । उनीहरु यस्ता कार्यलाई मुर्तिपूजक भनेर खारेज गर्छन् ।
**उत्तर :** लुका २:९-२०, मत्ती २: १२, ९: १२, रोमी १४: ५-६

१७. उनीहरु रगत एकबाट अर्को शरीरमा सार्न इन्कार गर्दछन् जसको आधार लेवी १७ को शिक्षालाई मान्दछन् जुन उनीहरुले गलत बुझेका छन् ।
**उत्तर :** एफिसी : ५:१–२. बाइबलले कुनै आधारमा पनि रगत दिनुहुन्न भन्ने शिक्षालाई सिकाउदैन । तर हामीलाई बाइबलले आफ्नो ज्यान चुकाएर अरुलाई प्रेम दर्शाउन सिकाउछ । ( जसमा रगत पनि पर्दछ )

## एउटा जवान व्यक्तिको गवाही

म यहोवा साक्षीका रुपमा हुर्के र बडे । म हुँर्किने क्रममा मेरो चाहाना सिर्फ मन्त्री बन्ने थियो अरु केही थिएन । म चाहन्थे सबैले परमेश्वरलाई उत्तिकै प्रेम गरोस् जति मैले गर्थे । म १२ बर्षको हुँदा मैले बप्तिसमा लिए ।

मलाई थाहा छैन तपाई यहोवा साक्षीसँग कति परिचीत हुनुहुन्छ । उनीहरु सबै प्रकारका इसाईहरु जो इसाई रेडियो देखि इसाई किताब, टेलिभिजन र अरु सबै सम्प्रदायलाई शैतानको भक्त हुन् भन्ने विश्वास गर्दछन् । तपाईलाई उनीहरुद्वारा अनुवादित बाइबल बाहेक अरु बाइबल पढ्नलाई स्वीकृत दिइँदैन । ( जसले ठूलो रुपले चालाखी साथ आफ्नो सिद्धान्तलाई युहन्ना १:१ मा राखेको छ, जसलाई परिवर्तन गरिएको छ “वचन नै परमेश्वर हुनुहुन्थो” लाई “वचन एक परमेश्वर हुनुहुन्थो”) । उनीहरु इन्कार गर्दछन् कि पवित्र आत्मा व्यक्ति हो तसर्थ उनीहरुले सबै कथनलाई “परमेश्वरको क्रियाशील शक्ति” भनेर परिवर्तन गरेका छन् । उनीहरुले स्वीकारेको भन्दा बाहिरको किताब तपाईलाई पढ्न अनुमति दिइँदैन ।

जब म १६ बर्षको भए, मैले फुटबल खेलेको कारण र मैले उनीहरु सँग अरु सिद्धान्त प्रतिको आस्था बारे लुका ९:४९–५० बाट प्रश्न सोधेको कारण, मलाई सङ्गतिमा आउन दिइएन । मलाई फर्केर नआउन भनियो जबसम्म म पश्चाताप गर्दिन र उनीहरुको आस्थालाई बिना प्रश्न पछ्याउँदिन । म त्यति बेला १६ बर्षको थिए र मलाई जबरजस्ती मेरो अभिभावकको घरबाट निकालीयो किनकि साक्षीहरुले मलाई मृत्यु भइसकेको व्यक्तिका रुपमा हेरे र उनीहरुले र मेरो परिवारले मसँग केही सरोकार राखेनन् ।

त्यो २३ वर्ष अगाडिको कुरा हो, मैले धेरै चोटि कोसिस गरे आफ्नो परिवारसँग सम्पर्क राख्नको लागी, तर उनीहरुको उत्तर अहिले सम्म उस्तै छ कि “हामीलाई तिमीसँग केही सरोकार छैन जबसम्म तिमी फर्केर साक्षी बन्दैनौँ, तिमी हाम्रो लागि मरे तुल्य हो”।
दुर्भाग्यबश जब मैले साक्षी छोडे, मैले परमेश्वरलाई पनि छोडेँ । मैले बाइबललाई एक छेऊमा राखेँ र त्यस पश्चातको २० बर्ष परमेश्वरको अस्तित्व छैन भन्ने प्रमाणित गर्न लागेँ । मैले यो कुरा प्रमाणित गर्नको लागि बेजोडका साथ अनुशन्धान र भौतिक अध्ययन गरेँ ।

केही वर्ष अगाडिको कुरा हो मैले व्यक्तिगत सामना येशु ख्रीष्टसँग गरेँ, र त्यसले मलाई बाइबल किन्नको निम्ति प्रोत्साहित गर्‍यो । मैले नयाँ करार दोर्‍याई दोर्‍याई पढेँ तर त्यो समय पढ्दा येशु ख्रीष्ट र परमेश्वरको बारे कहिल्यै नसुनेको झैँ गरि पढेँ । मैले यो हेर्न कोशिश गरिरहेको थिए कि एउटा व्यक्तिले कसरी विश्वास गर्नेछ जब उसले पहिलो पटक बाइबललाई पढ्नेछ । म यति ती शब्दको शक्तिले आकुल व्याकुल भए कि म केही दिनसम्म रोई रहेँ । येशुले ती सबै खराब सिद्धान्तहरुलाई, छल

योजनाहरुलाई र सबै ती विगतमा भएका कुराहरुलाई मबाट हटाइदिनु भयो । मैले फेरि आफ्नो जीवन उहाँमा समर्पण गरे र पुनः बप्तिसमा लिए । यो समय चाहिँ सहि तरिकाले पिता, पुत्र र पवित्र आत्माको नाममा गरैँ नता कि ती साक्षीहरुले गर्ने तरिकाले ।

# ३. मोरमोननिजम

## क. पृष्ठभूमि

पछिल्लो दिनहरुका संत आधारित येशु ख्रीष्ट चर्चहरु, जसलाई सामान्य रुपमा मोरमोन चर्च भनिन्छ र त्यसलाई यु.एस.ए को न्युयोर्क प्रान्तमा बस्ने जोसेप स्मिथ, जेआर (१८०५-१८४४)ले स्थापित गरेका थिए । स्मिथ दावी गर्छन् कि परमेश्वर पिता र येशु ख्रीष्ट उनी सामु १८२० मा उपस्थित हुनुभयो, यो भन्न कि सबै मण्डलीहरु गलत छन् र उनीहरुको धर्म घृणित छन् । १८२३ मा कथित रुपमा मोरोनी नाम गरेका स्वर्गदूत उनी सामु प्रकट भए र उनलाई नजिकैको पहाडको छेऊमा सुनको पाता गाडिएको छ भने । यो पातामा कथित रुपमा प्राचीन समयको नजीक पूर्व बाट अमेरिकामा बसाई सराई गरेका व्यक्तिहरुको बारे लेखिएको थियो । १८२७ मा स्मिथले दावी गरे कि मोरोनीले उनलाई ती सुनका पाताहरु जमीनबाट उत्खनन गर्न र त्यसको “अनुवाद” अद्भूत शक्तिद्वारा शुरु गर्न सहयोग गरे, जसमा “सुधारीयको ईजिप्टसियनहरुको शब्द चित्र” को चरित्रलाई कुदिएको थियो । १८३० को मार्चमा स्मिथले त्यसको फलस्वरुप “मोरमोनको किताब” प्रकाशित गरे र त्यसको एक महिना पछि आफ्नै मण्डली शुरु गरैं ।

जोसेफ स्मिथको मृत्यु १८४४ मा रिसाएको भीडबाट भए पश्चात, ब्रिगहाम योङ्गले (१८०१-७७) उनको ठाँउमा समुहको नेतृत्व सम्हालैं र “संत” लाई उताहमा स्थानतरण गरे । अहिलेको वर्तमान मोरमोन भविष्यवक्ता गोरडोन बि हिन्कली हो । आज मोरमोन मण्डलीहरु धाक लगाउँछन् कि विश्वव्यापी रुपमा उनीहरुको एक करोड सदस्यहरु छन् । मोरमोन सक्रिय रुपमा धर्म सम्बधि प्रचारमा र लिखित प्रचार सामाग्री वितरणमा लागि परेका छन् । आर्थिक रुपमा सम्पन्न उनीहरु रोमन क्याथोलिक पछि दोस्रो धनी धार्मिक समूह हो ।

## बाइबल बाहिरको शिक्षाको सांराश

१ **परमेश्वर**को विषयमा, मोरमोन विश्वास गर्छन् कि धेरै परमेश्वरको अविनाशी प्रगतीद्वारा अझ धेरै परमेश्वरहरु उत्पन्न भए । “परमेश्वर पिता” चाहि एक यस्तो

परमेश्वर हुनुहुन्छ, उँहा यो ग्रहको परमेश्वर हुनुहुन्छ जसलाई हामी परमेश्वरका रुपमा हेर्छौं । तसर्थ मोरमोननिजम चाहिँ बहु–ईश्वरवादी हो तर इसाई धर्म चाहिँ कडाईका साथ एक ईश्वरवादी हो । उनीहरु यो पनि विश्वास गर्दछन् कि परमेश्वर पिता व्यक्ति हुनुहुन्छ जसले  उचाँ प्राप्त गर्नुभयो र यो उपदेशका सिद्धान्तहरुलाई इमानदारीका साथ सबै मोरमोनहरुले मान्ने प्रयास गर्दछन् । परमेश्वर पिताको हामी जस्तै मासु र हाडको शरीर छ जो एकबाट अर्को ठाउँमा जान सक्छ ।

२. मोरमोनहरु बाइलको **त्रिएक** सिद्धान्तलाई ईन्कार गर्दछन् ,जसले पिता, पुत्र र पवित्र आत्मालाई तीन बेग्ला बेग्लै ईश्वर मान्दछ ।

३. **मानिस**को सम्बन्धमा, मोरमोनहरु शिक्षा दिन्छन् कि उहाँ “कोख भित्रको” परमेश्वर हुनुहुन्छ र उहाँलाई स्वर्गीय पिता झैं सम्भवत उचाँमा परमेश्वरको रुपमा राखिन्छ । परमेश्वर र मानिस एउटै “जाति” हो जहाँ परमेश्वरलाई उचाँ पारिन्छ र प्रशंसनिय स्थानमा मानिसद्वारा राखिन्छ । अहिलेको संसारमा उनीहरुको जन्म हुनु पहिले नै सबै मानिस जाति पूर्ववर्ती देखी नै स्वर्गमा थिए र पिता र आत्मा, देव र देवीको आत्मिक सन्तानको रुपमा राखिएका थिए । यो पूर्ववर्ती जीवनमा परिक्षाकालिन समय थियो । जो चाहिँ कम विश्वास योग्य अथवा कम पराक्रमी थिए, तिनीहरु यो परिक्षणकालमा कालो छाला लिएर जन्मेका थिए । यदि आज्ञाकारी भएर मोरमोन शिक्षा र यसको अभ्यास गर्ने हो भने तिनीहरुले उचाँई प्राप्त गर्नेछन् । त्यो उचाँमा पारिएकाहरु ग्रहमा रहनेछन् र बच्चा आत्माहरु उत्पादन गर्नेछन् । यो जीवन चक्र यसरी नै चलिरहनेछ ।

४. **येशु ख्रीष्टको** सम्बन्धमा, मोरमोनले यो शिक्षा दिन्छ कि उहाँ चाहिँ लुसिफरको आत्माको भाइ हो किनकि शरीर धारण गर्नु अगाडि पूर्ववर्ती क्षेत्रमा उनीहरु एउटै अभिभावकद्वारा उत्पादन गरिएका हुन् । उनीहरु ईन्कार गर्छन् कि कुमारी कन्याबाट उहाँको जन्म भएको हो, त्यसको सट्टा उनीहरु यो शिक्षा दिन्छन् कि येशुको मानव शरीर परमेश्वर पिता र मरियम बीच भएको सहवासको नतिजा हो । उनीहरु पिता चाहिँ शाररीक शरीर भएको मानिस हुन् भन्ने शिक्षा दिन्छन् । उहाँको दैवत्वमा केही नौलो कुरा छैन किनकि त्यो कुरालाई जुन व्यक्तिले पनि हासिल गर्न सक्छ । तसर्थ ख्रीष्टको पुर्नजन्म हुनुमा सबै परमेश्वरहरुमा कुनै नौलो कुरा छैन । परमेश्वर हुनुभन्दा अगाडि उहाँ पहिले नै आत्मामा हुनुहुन्थो र त्यस पछि पृथ्वीमा शरीर प्राप्त गर्न आउनुभयो ।

५. **मुक्तिको** सम्बन्धमा, मोरमोनहरु अनुग्रहद्वारा मुक्ति पाइन्छ भन्ने बाइबलीय सिद्धान्तलाई ईन्कार गर्दछ । उनीहरु यो शिक्षा दिन्छन् कि हामी मुक्ति “पश्चाताप,

बप्तिसमा, विश्वास र असल कामहरु” बाट प्राप्त गर्न सक्छौँ । ख्रीष्टको पश्चाताप गर्ने कामबाट नै मानव जातिको उद्दार भयो, तर यसले सबै मानिसको पापको मूल्य चुकाउन सक्दैन नता उचाँमा पारिने निश्चित निर्णय दिन्छ, जब कि ख्रीष्टका कामहरु मुक्तिको सुरुवात हो । मानवका कामहरु आवश्यक थियो यो पद्दतिलाई पूरा गर्नको लागि । ती कामहरुको निरभरताद्वारा मानवहरुले तीन तहको स्वर्गमा( सांसारिक,स्वर्गीय ) आफ्नो स्थान प्राप्त गर्दछन् । मन्दिरमा गरिएको विवाह् अपरिहार्य छ स्वर्गीय राज्य प्राप्त गर्नको लागि जो सबभन्दा माथिल्लो तह् हो ।

६. नयाँ किङ्ग जेम्सको थपिएको संस्करणमा, मोरमोन मण्डलीहरुले **अधिकारको स्रोत**का रुपमा तल दिइएका धार्मिक किताबहरु प्रयोग गर्दछन्– मोरमोनको किताब, सिद्धान्त र करार, मूल्यवानको सिपी । यो पनि विश्वास गरिन्छ कि मुख्य अधिकारीले सम्पूर्ण मण्डलीलाई सिकाउने प्रकाश पाउन सक्छ । **उत्तर :** बाइबलमा उनीहरुको धार्मिक किताबहरुका कुरा सम्मिलीत गरेर, मोरमोनले आफुहरुलाई ऐतिहासिक इसाईका रुपमा छुट्टै राखेका छन्, जसले बाइबल एक मात्र अधिकारको मुख्य स्रोत हो भन्ने पुष्टि गर्छ ।

७. मोरमोनले दावी गर्छ कि उनीहरु एक मात्र साँचो मण्डली हो जसले अलौकिक शक्तिहरुको प्रकाश छर्छ । उनीहरुले सबै इसाई मण्डलीहरुलाई १८३० सम्म आफ्नो धर्म छोड्नेका रुपमा बनाइ राखे, जुन समयमा जोसेफ स्मीथ मुनिको अगुवाइमा पुनः स्थापित गरे ।

८. मोरमोन सिद्धान्तको संस्थापक जोसेफ स्मीथलाई उहाँ जन्मनु भन्दा अघि नै अभिषेक गरिएको गल्ती नगर्ने परमेश्वरको भविष्यवक्ता भनिन्छ ।

९. मोरमोनहरु यो विश्वास गर्दछन् कि मानिसहरु तल खस्नु नै माथि जानु हो । यदि आदमले खान स्वीकृत नगरिएको फल नखाएको भए उसको सन्तान हुने थिएनन् । किनकि उनले खान स्वीकृत नदिइएको फल खाए र त्यसको कारणले आज मानव जातिको विस्तार भएको छ ।

१०. मोरमोन मृत्यु भइसकेकाहरुलाई बप्तिसमा दिने अभ्यास गर्दछन् । बाँची रहेका मोरमोनले बप्तिसमा नलिई मरेकाहरुको सट्टामा बप्तिसमा लिने गर्दछन् । उनीहरु यो पनि विश्वास गर्दछन् कि मृत्यु भइसकेकाहरु सँग मन्दिरको गोपनियतामा प्रभु भोज लिन्छन् जुन कार्य पुरोहित्याँइको पर्यवेक्षण मुनि हुन्ट ।

११. मोरमोनहरु अहिले पनि बहु विवाहलाई मान्दछन् र स्वर्गीय विवाहलाई पनि मान्दछन् । यो विवाह चाहिँ उसको यो जीवनको लागि मात्र होइन तर उसको स्वर्गीय जीवनको लागि पनि हो । धेरै मोरमोनहरु यो विश्वास गर्छन् कि मरियम र मार्थासँग ख्रीष्टको विवाह भएको थियो ।

१२. मोरमोनहरु शाब्दिक रुपमा एक हजार वर्षको अवधिमा ख्रीष्टले फेरि पृथ्वीलाई दुईवटा राजधानीबाट राज्य गर्नु हुनेछ भन्ने विश्वास राख्दछन् जून राजधानी हुन् येरुशलेम र इन्डिपेड्न्स मीसोरी ।

# ४. युनिफिकेसन मण्डली

## क. पृष्ठभूमि

युनिफिकेसन मण्डलीको संस्थापक र अहिलेको अगुवा सन म्योङ मुन हुन् । मुन यो दावी गर्छन् कि १९३६ मा जब उनी १६ वर्षको थिए, येशु ख्रीष्ट उनी सामु प्रकट भए र घोषणा गरे कि मुनले येशुले सुरुवात गर्नुभएको उद्देश्यलाई पूरा गर्नेछन् ।

१९४६ मा मुनलाई उत्तर कोरियाको पुलिसद्वारा समातिएको थियो र मुन दावी गर्छन् कि उनलाई उनको विश्वासको लागि यातना दिइएको थियो । उसलाई निकालियो र फेरि जेलको सजाय सुनाइयो । ऊ जेलबाट भाग्न सफल भयो र भागेर दक्षिण गए जुन बेला कोरियन युद्ध चलिरहेको थियो । उसले दक्षिण कोरियामा आफ्नो मण्डली १९५४ मा स्थापना गरे जसलाई पवित्र आत्माको एकीकरण सम्मेलन भनेर नाम दिए । १९५७ मा मुनले अलौकिक सिद्धान्त प्रकाशित गरे, जसले भावी दिनहरुमा युनिफिकेसन धर्मशास्त्रको मुख्य आधिकारिक काम बनाउने काम गर्‍यो ।

१९५९ मा ती समुहहरु अमेरिकामा छरिए । मुनले १९७० मा ठूलो मात्रामा उनलाई पछ्याउने व्यक्तिहरु बनाए जहाँ यो गतिले लगातार रुपमा सञ्चार माध्यमको ध्यानाकर्षण पायो, धेरै जसो नकरात्मक रुपमा । विवादहरुले घेरिएका र नितिभन्दा बाहिरका कुरालाई राख्नु र पैसा संकलन गर्ने युक्तिहरु असिद्ध भएकाले र मुनको आधिकारीक अगुवाइको तरिकाले गर्दा धेरै विवादमा घेरिए । १९८२ मा कर छलीको मुद्दामा अठार महिना मुनलाई जेलमा पठाइयो जहाँ उनले प्रचारको सुरुवात गरे ।

युनिफिकेसन मण्डलीहरुको जहाँसम्म एक देखि दुई मिलीयनसम्म सदस्य छन् र त्यसमा दश देखि तीस हजार अमेरिकामा पर्छन् । आजसम्मको ठूलो “मोनोनीस” को समन्वय, जसलाई सामान्य रुपमा बाहिरका व्यक्तिहरु भनिन्छ जुन कोरिया र

जापानमा छन् । मण्डलीहरुले युनिफिकेसन धर्मशास्त्रिय सेमिनार न्यु योर्कमा चलाउँछन् र उनीहरुसँग महत्वपूर्ण व्यवसायिक संस्थाहरु छन् जसमा चिर परिचीत दैनिक पत्रिका *वासिङ्टन टाइम्स* पनि पर्दछ ।

**ख. सारांशमा बाइबल बाहिरका सिद्धान्तहरु**

१. **अलौकिक प्रकाशको** सम्बन्धमा, युनिफिकेसन मण्डलीले शिक्षा दिन्छन् कि परमेश्वरले साँचो कुरा मुनको सामु खोल्नु भयो, आजको समयमा आत्मिकी सत्यताको स्रोत खुलाउनु भयो । मुनको सत्यता विशेष गरेर अलौकिक सिद्धान्तमा पाइन्छ, जुन बाइबलको "तेस्रो करार" भनिन्छ र यो किताबलाई अधिक रुपमा बाइबलभन्दा पनि आधिकारिक मानिन्छ ।

२. **पाप**को सम्बन्धमा, मुन शिक्षा दिन्छन् कि परमेश्वरको वास्तविक योजना आदम र हब्बालाई आत्मिक रुपमा परिपक्क बनाउनु थियो र त्यसपछि उनीहरुबाट पाप रहित मानव जातिको उत्पादन गर्नु थियो । शैतानले यो योजना भङ्ग गर्‍यो हब्बालाई आफु प्रति आकर्षित गरेर र उनीसँग अनैतिक शाररीक सम्बन्ध राखेर, जसले गर्दा पुरै मानव जातिलाई आत्मिक भ्रष्ट बनाउन अगुवाइ गर्‍यो । त्यस पश्चात जब आदमले हब्बासँग शाररीक सम्बन्ध राखैं (आत्मिकी परिपक्क हुनुभन्दा अगाडि), त्यसले पुरै मानव जातिलाई शाररीक भ्रष्ट बनाउन अगुवाइ गर्‍यो।

३. **मुक्तिको** लागि, तसर्थ दुइवटै आत्मिक र शाररीक पश्चाताप आवश्यक छ । येशु ख्रीष्ट यी दुवै तत्वलाई पूरा गर्न यस पृथ्वीमा आउनु भयो । उहाँ विवाह गरेर पाप रहित जाति पैदा गर्न चाहनुहुन्थ्यो । यसो गर्नाले शाररीक र आत्मिक दुइवटै उद्धार पाउनेछन् । तर किनकि यहुदीहरुले उहाँलाई इन्कार गरे, उहाँले पूर्णरुपमा मानवलाई मुक्ति दिन सक्नु भएन र तसर्थ उहाँले क्रुसमा आफ्नो शरीर त्याग गरेर आत्मिक मुक्ति मात्र दिन सक्नुभयो । तसर्थ दोस्रो मसिहा बाँकी रहनुभयो, " परमेश्वरको दोस्रो अवतार " जसले शाररीक मुक्ति दिनुहुन्छ । धेरै जसो युनिफिकेसन मण्डलीका सदस्यहरुले मुनलाई दोस्रो परमेश्वरको अवतार मान्दछन् । मुनको उद्देश्य चाहिँ खोट रहित परिवार पैदा गर्नु हो । उहाँका बाह्र सन्तानहरु पप रहित मानिन्छन् । उहाँले आफ्नो यो खोट रहित कामलाई आफ्नो आज्ञाकारी भक्तहरु सम्म पुर्‍याउने जस्तै उनीहरुको विवाहलाई सबै तरिकाले मिलाउने र उहाँबाट आर्शीवाद दिने कामहरु गर्छन्।

४. **येशु ख्रीष्टको** सम्बन्धमा, मुनले इन्कार गर्दछन् कि येशु साँचो रुपमा परमेश्वर हुन वा पिताका बराबर हुन् । उहाँले खोट रहित पूर्णता प्राप्त गरे तापनि यो “दैवत्व” सोचाइमा मात्र हो।

५. बाइबलको **त्रिएक** सिद्धान्तलाई इन्कार गरिन्छ ।

६. ख्रीष्टको **पुनरुत्थान** शाररीक रुपमा थिएन, जसले गर्दा हाम्रो शरीरको पापको मुक्ति पुरा भएन । ख्रीष्ट आत्माको रुपमा ऊठ्नु भयो, र यसले हाम्रो आत्मिक पापको मुक्ति मात्र प्राप्त भयो ।

७. **मृत्यु पछिको जीवनको** सम्बन्धमा, मुनले शिक्षा दिन्छन् कि नर्गलाई शैतानले शासन गर्छ, र यो यस्तो ठाउँ हो जहाँ मरिसकेका आत्माहरु छन् जसले परमेश्वरमा रहनलाई अस्थायी रुपमा ईन्कार गरेका छन् । किनभने परमेश्वरको दोस्रो अवतारले अन्त्यमा सबै मानव जातिलाई उद्धार गर्नेछ र नर्गलाई समाप्त गरिनेछ । अन्त्यमा सबै आत्माहरु अलौकिक हुनेछन् र परमेश्वरसँग स्वर्गमा रहनेछन् ।

# ५. न्यू ऐज मुभमेन्ट

## क. पृष्ठभूमि

न्यू ऐज मुभमेन्टको व्याख्या “ धेरै व्यक्तिहरु र संस्थाहरुको कमसल बनावटको संजाल जसले आफ्नो नयाँ युगको दृष्टि आलोक र मिलनलाई फैलाउँदछन् ( ऐक्वारिसको युग ) र जसले सामान्य ‘विश्व दृष्टि’ लाई स्वीकार गर्दछ ”। यो विश्वदृष्टिले यो बताउँदछ कि सबै एक्लो हुन् (मोनिजम), कि सबै परमेश्वर हुन् (प्यानथिनिजम), र त्यो व्यक्तिले एक्लोपना अलौकिकको साथमा महसुस गर्न पाउनेछ (माइस्टिनिजम) । न्यू ऐज मुभमेन्ट चाहिँ अधिक रुपमा बिबिध र थुप्रै ठाउँमा केन्द्रीत छ । कुनै पनि व्यक्ति छैन, व्यक्तिको समूह छैन अथवा संस्था छैन जसले यिनीहरुको लागि बोल्छ र यो कम रुपमा व्यवस्थित संस्थागत, मिलाइएको षड्यन्त्र । किनकि उनीहरुको भित्री दर्शनले गर्दा, न्यू ऐजर्सहरु फरक कोणहरुमा सहयोग गर्छन् र फरक तरिकाले सबैको साझा चाहानालाई प्रोत्साहित गर्छन् ।
न्यू ऐज मुभमेन्टले आफ्नो विश्वासलाई थुप्रै स्रोतहरुबाट जम्मा गर्छन् । सबैलाई मिलाएर र प्राय विरोधात्मक तत्वहरुलाई आफ्नो विश्वासमा संम्मिलीत गर्छन् । न्यू ऐजको दर्शन जीवनसँग सम्बन्धित धेरै ठाउँमा परिसकेको छ स्वास्थ हेरचाह सहित जस्तै–“पूर्ण स्वास्थ”, मनोविज्ञान, विज्ञान, राजनीती ( एक विश्व सरकार ),

शिक्षा र व्यापार । यो गतिको बिबिधताले गर्दा न्यू ऐजलाई प्रयोगात्मक रुपमा अँगाल्नेको संख्या निश्चित गर्न असम्भव छ । तीन हजार भन्दा बढी न्यू ऐज र हद बाहिरको किताबका रिपोर्टहरु र पत्रिकाहरु प्रकाशित छन् ।

## ख. बाइबल बाहिरका शिक्षाहरुको सांराश

१. न्यू एजर्स विश्वास गर्छन् कि **बाइबल**मा, विशेष गरेर येशुको शिक्षामा लुकेका रहस्य, अर्थ छन् जुन केहीले मात्र बुझ्दछन् । उनीहरु यो विश्वास गर्दछन् जब बाइबललाई राम्रो सँग हामीले बुझ्छौं भने त्यसले न्यू ऐजका विश्व दृष्टिलाई समर्थन गर्दछ कि सबैजना एक हुन् र मानवचाहिँ परमेश्वर हो ।

२. **प्रकाश**को सम्बन्धमा, उनीहरु विश्वका धेरै धर्महरु र महान धार्मिक गुरुहरु सबैले न्यू ऐज अद्वैतवाद (प्यानथिनिजम), एक सत्तावाद (मोनिजम), मानव दैवत्व (ह्युम्यान डिभिनिटी) को सत्यलाई बयान गर्छ भन्ने विश्वास राख्छन् । प्रकाश आज थुप्रै बिबिध अतिरिक्त घनत्वको अस्तित्वबाट आउन सक्छ जस्तै बिना शरीरयुक्त मानवहरु सहित जस्तै आरोहित महासय । यी प्रकाशहरु आदर्श रुपले व्यक्तिद्वारा “प्रणालीगत” गरिएको हुन्छ जसलाई आत्मिक अस्तित्वले सन्देश उजागर गरेर चलाएको हुन्छ ।

३. न्यू ऐजहरु विश्वास गर्छन् कि **येशु ख्रीष्ट** धेरै मध्यको एक आलोक व्यक्तित्व हुन् जसले परमेश्वरको सत्यतालाई मानव जातिका लागि उजागर गर्दछन् । उनीहरु तीखो भिन्नता येशु र ख्रीष्ट बीच गर्दछन् । “येशु” को अर्थ शाब्दिक व्यक्ति हुन्, जब कि ख्रीष्टलाई प्राय व्याख्या ब्रह्मांडिय, दिब्य अस्तित्व भनेर व्याख्या गरिन्छ जसले व्यक्ति येशुलाई कब्जा गर्दछ । केही न्यू एजर्सहरुले यो पनि शिक्षा दिन्छन् कि येशु पूर्वमा जानुभयो र आलोक प्राप्ती पूर्वी गुरुहरुका शिक्षाबाट पाउनु भयो । तसर्थ आलोकित येशु अरु पवित्र व्यक्ति जस्तै–बुद्ध र कृष्ण भन्दा ज्यादा “पथ प्रदशक” बन्नुभयो ।

४. **परमेश्वर**को सम्बन्धमा, न्यू एजर्स अद्वैतवाद विचारधारालाई अँगाल्छन् जुन चाहिँ परमेश्वर नै सबै र सबै नै परमेश्वर हो । परमेश्वर व्यक्तिगत रुपमा देखिदैन तर बिभिन्न प्रकारले व्याख्या गरिन्छ जस्तै अव्यक्तिक शक्ति, अथवा ब्र्ह्मांडिय चेतना अथवा शक्ति ।

५. उनीहरु मानिसको सिद्धान्तमा, न्यू ऐज मानव दैवत्वलाई बयान गर्छ किनभने सबै परमेश्वर हुन् (अद्वैतवाद) र सबै एक हुन् (सत्तावाद) । यसले त्यो मानिसलाई पछ्याउँछ– जस्तै अरु सबै–यो दैवत्व एकताको भाग हो ।

परमेश्वर हुनुमा, मानिससँग अथाह सम्भावना छ र आफ्नो वास्तविकता पनि बनाउँछ सक्छ ।

६. न्यू ऐज सोचाइमा **मुक्ति**को बारे सोच्नु अनावश्यक हो । जबकि न्यू ऐज पापको विचारलाई ईन्कार गर्दछन् , र तसर्थ यसबाट बचाइनु जरुरत छैन । यसले यो पनि पछ्याँउछ कि येशु ख्रीष्टले पापको पश्चाताप गर्नु पर्दैन थियो । पापबाट मानिसहरु जीवनमा रोकिदैनन् तर आफ्नै दैवत्वलाई पहिचान गर्न नसक्दा रोकिन्छन् । तसर्थ उपदेशको आवश्यकता छ नता मुक्तिको । न्यू एजर्स आदर्श रुपले **पुर्नजन्म** सिद्धान्तलाई बयान गर्छन् ,जुन व्यक्ति अन्त्यमा परमेश्वरसँग फेरि सम्मिलित हुन्छ ।

# ६. “येशु मात्र” मण्डलीहरु

## क. पृष्ठभूमि

**“येशु मात्र”** मण्डलीहरु भनिन्छ किनभने उनीहरु त्रिएक बप्तिसमाको मन्त्र (त्यो हो, पिता, पुत्र र पवित्र आत्माको नाममा) लाई ईन्कार गर्दछन् र येशुको नाममा मात्र बप्तिसमा दिन्छन् । उनीहरुलाई **“एक रुप”** मण्डली भनिन्छ किनकि उनीहरु विश्वास गर्छन् कि पिता, पुत्र र पवित्र आत्मा एक तथ्य मात्र होइन (जुन सहि हो) तर उनीहरु एक व्यक्ति पनि हुन् (जुन सहि होइन)। तसर्थ येशु नै पिता, येशु नै आत्मा, आत्माचाहिँ पिता इत्यादि । यो शिक्षालाई "मोडलिसम" पनि भनिन्छ किनकि एक परमेश्वर, जसलाई उनीहरु एक व्यक्ति पनि भन्दछन्, जसले प्रत्यक्ष रुपमा सफलताका साथ आफूलाई तीन विभिन्न “पद्धति” मा ढालेका छन् ।

ती मण्डलीहरु सोच्छन् सुरुवात १९९०मा यहाँ परमेश्वरको सभा आयो । १९१६ मा परमेश्वरको सभाले सैद्धान्तिक विवरण ग्रहण गर्यो जसले स्पष्ट रुपमा त्रिएकको विश्वासलाई बाचा बन्धनमा बाध्यो र तसर्थ सँगसँगै लाग्ने एकनासको दबाब हटाई दियो । त्यस पश्चात उनीहरुले आफ्नै सम्प्रदाय र साधारण सभा पैदा गर्यो । त्यहि पनि त्यहाँ नब्बे विभिन्न एकता सम्प्रदाय छन् , यूनाइटेड पेन्टिकोस्टल चर्च ईन्टरनेस्नल (यूपिसिआई) अहिलेसम्मको ठूलो हो, जसमा विश्वव्यापी दश लाख भन्दा बढी सदस्यहरु छन् ।

## ख. बाइबल बाहिरका शिक्षाहरुको सारांश

१. **ख्रीष्ट**को सम्बन्धमा, एक रुप अनुन्यायी विश्वास गर्छन् कि येशु पूर्णरुपमा परमेश्वर हुनुहुन्छ । तैपनि उनीहरु दावी गर्छन् कि येशु पिता र पवित्र आत्मा हुनुहुन्छ, र बहस गर्छन् कि पुनरुत्थानको बेला “सबै परमेश्वर पुनरुत्थानित भए”। यो लेखिएको छ कि प्राचीन समयको पुरानो विचारलाई पुन परिचय दिइयो र त्यसलाई “मोडालिजम”को रुपमा चिनिन्छ ।

२. **येशुको पुत्रतामा,** उनीहरु सधै भन्छन् कि येशु चाहिँ पुत्र हो ( जुनसुकै होशमा–कि “मानिसको पुत्र” वा “परमेश्वरको पुत्र”) उहाँको पुनरुत्थानको बेला मात्र । उनीहरुको विचारमा “पुत्र” भन्ने शब्दले कडा रुपमा ख्रीष्टको मानवीय स्वभावलाई जनाउँछ । तसर्थ एक रुप विश्वासीहरु ख्रीष्टको पहिले देखिको अविनाशी पुत्रताको अस्तित्वलाई ईन्कार गर्दछन् । पुनरुत्थान हुनुभन्दा अगाडि परमेश्वरलाई “शब्द”भनेर उपाधि दिन सक्छौं–जो चाहिँ पिता पनि हुनुहुन्छ–तर पुत्र चाहिँ होइन । पुनरुत्थानको बेला परमेश्वरले पुत्रको भूमिका निर्वाह गर्नुभयो पापबाट मुक्ति दिनको लागि तर यो भूमिकाको निश्चित अन्त हुनेछ । (त्यो चाहिँ पुस्ताको अन्त्यमा)

३. एक रुपको धर्मशास्त्रले ईन्कार गर्दछ कि तर्कहिन र लेखिएको भन्दा बाहिरको **व्यक्तिगत भिन्नता ईश्वर प्रमुखहरुमा** देखाइन्छ । येशु, पिता र पवित्र आत्मा सबै एक हुन् र एक व्यक्ति हुन् । बाइबलका पदहरु जसले पिता, पुत्र र पवित्र आत्माको भिन्नतालाई उजागर गर्छ वास्तवमा ती सबै पुनरुत्थानित येशुको विभिन्न दैवत्व र मानिसको स्वभावलाई उजागर गर्छ । **उत्तर :** १ यूहन्ना ४:१४ यूहन्ना १४:१६–१७

४. **मुक्तिको** सम्बन्धमा, एक रुप लेखक ऐतिहासिक धर्मान्धतासँग मान्दछन् कि एक व्यक्ति अनिवार्य “फेरि जन्मनु” पर्छ बाचईनको लागि । तैपनि एक्लो विश्वासको औचित्य जुन बाइबलीय शिक्षा हो, यसको बिपरीत एक रुप धर्मशास्त्रले जोड दिएर भन्छ कि नयाँ जन्म विश्वास, पश्चाताप, पानीको बप्तिसमा र पवित्र आत्माको नाउँमा बप्तिसमाद्धारा हुन्छ । **उत्तर :** यूहन्ना १:१२ ; ३:१५–१६

५. **पानीको बप्तिसमा,** मुक्तिको लागि अनिवार्य छ, डुबुल्की र येशुको नाउँमा मात्र कार्य निष्पादन हुनुपर्छ । **उत्तर :** क्रुस माथि भएको चोर लुका २३:४२–४३

६. त्यसतै गरि, **पवित्र आत्माको बप्तिसमा** मुक्तिको लागि आवश्यक छ र “सुरुको प्रमाण” जो जिब्रोको बोली बीना कहिल्यै रहँदैन । **उत्तर :** एफिसी २:८–९ १ कोरन्थी १२:३०

# ७. सातौँ दिन अवतारी

## क. पृष्ठभूमि

दशक लामो विवादित आवेग चलिरहेको छ कि यो धार्मिक समूह हो या होइन । यो विषयको अधिकारीहरुले दुई पक्ष लिएका छन् । कोही पनि यो मान्दैनन् कि सातौँ दिन सातौँ दिन अवतारीहरु उदाहरणका लागि मोरमोनहरु अथवा योहोवा साक्षीहरु जत्तिकै उस्तै कोणका “धार्मिक सम्प्रदाय” हुन् । त्यही पनि यो समूहको ईतिहास र आजको दिनसम्मको सिद्वान्तलाई हेरेर धार्मिक गुण भएको भन्न सकिन्छ ।

धेरै आदरमा, व्इलीयम मिलर, अनुमति प्राप्त अमेरिकाको बप्तिसमा मन्त्री, सातौँ दिन अवतारीको अग्रगामी नामङ्कित हुन सक्छन् तर पनि उनी यो गतिमा आबद्ध थिएनन् । यो उनीद्वारा ख्रीष्टको दोस्रो आगमनको समय तोकिएको थियो, जसले इसाईहरुमा खुलदुली पैदा गर्यो र १८३० र १८४० को पूर्व भविष्यवाणी युक्त परिकल्पनालाई सबै ठाउँमा छर्न योगदान गर्यो । यसबाट पनि नाम “अवतारीहरु” भन्ने आयो ।

जब २२ अक्टोबर १८४४मा केही भएन त्यसलाई “ठूलो निराशा” अबधि बनाइयो र अरुले चाहिँ समायोजन बनाउन थालनी गरे । एक समायोजन जुन चाहिँ अर्को दिन दर्शनमा आयो त्यो चाहिँ ख्रीष्ट त्यो ताकिएको समयमा पृथ्वी आउनु भएन तर पवित्रको महा पवित्रतामा पस्नुभयो ताकि ती मरेका विश्वासीहरुको “पापको धब्बालाई मेटाउन”। पछिल्लो समयमा यसलाई अझ विकसित गरियो र **अन्त्यमा जाँच** सम्बन्धि न्याय सिद्धान्त बनाइयो जसले यो प्रक्रियालाई धार्मिक विशेषता दियो ।

दाशर्निक, ऐलेन जी ह्वाइट चाहिँ सातौँ दिन अवतारीको निर्माण गर्नुको पछाडिको मुख्य शक्ति मानिन्छ । उनलाई छरिएको मिललीराइट्स र अवतारीहरुलाई एउटै धर्म सम्प्रदायमा एउटा ठोस बनाउनेको श्रेय जान्छ । ठूलो निराशाको दुई महिनापछि सत्र बर्षकी उनलाई अवतारीको सत्यताहरुलाई ईन्कार गरियो भन्ने पहिलो शंका लाग्छ । दुई महिना पछिको उनको नयाँ दर्शनले उनको पहिलो दर्शनलाई फैलाउनु थियो जसले परमेश्वरले पापीहरुलाई मुक्तिको ढोका २२ अक्टोबरमा बन्द गर्नुभयो भन्दछ ।

उनको नयाँ दर्शनले निश्चित गर्यो कि सातौँ दिन सबाथ जसलाई जोसेफ बेट्सले प्रचार गरिरहेका थिए । त्यसको केही बर्षहरु उनी र सानो साथी विश्वासीहरुको झुण्डलाई ‘आईतबारलाई धार्मिक आरामको दिन मान्ने र बन्द ढोका’ अवतारी भनेर उपाधि दिइयो ।

यो समय चाहिँ धेरै आफैं लेखित भविष्यवाणी गर्नेहरुको थियो जसमा ह्वाइट यीनीहरु भन्दा माथि आए जसले दैवत्वको निश्चितता ती व्यक्तिहरुलाई दिने जसलाई आफ्नो पद बलियो पार्न आवश्यक छ । उनी जहातहीँ भुइँमा बेहोसीको अवस्थामा डुब्ने गर्थिन् जसको समय केही मिनेट देखि केही घण्टासम्म लामो हुने गर्थो । जब दर्शन समाप्त हुनुहुन्थ्यो, उनी अडिन नसक्ने हुन्थी र उनीमा केही बल हुँदैन थियो र उसलाई कुर्सीमा राख्नको लागि अरुको सहायता चाहिन्थ्यो । एक समयमा, उनको श्रीमान् जेम्स ह्वाइट अवतारी प्रचारक, उनी माथिको बलियो समर्थनबाट पछाडि हटे । उनको पत्नीलाई राजनैतिक समर्थन थियो, जुन उसले सोचेको भन्दा बलियो थियो । उसलाई आफ्नो पदबाट तल झर्न भनियो र केही समय पछि उनको पत्नीको दर्शनको स्थर घटाएकोमा उनीसँग क्षमा माग्न लगाईयो । त्यस पश्चात श्रीमती ह्वाइटले पूरा वास्तविक राज्यका कुराहरु आफ्नो दार्शनिक सन्देशमा देखाउँन थालिन् ।

## ख. बाइबल बाहिरका शिक्षाहरुको सारांश

१. **अनुसन्धानबाटको न्याय,** धेरै सातौँ दिन अवतारीहरुले तपाईलाई भन्न सक्दैनन् कि यो शिक्षा के हो र यो उनीहरुको धेरै पाष्टरहरुले सिकाउँदैनन् पनि । तर पनि सम्प्रदायिक कथन प्रति विश्वासका केही महत्वपूर्ण भाग उनीहरुले यो सिद्धान्तलाई समर्पित गरेका छन् । १९८० को पुनराबलोकन गरिएको तेइस लेखले यो कथनलाई बयान गर्द कि “१८४४मा २३०० दिनको भविष्य सूचक दिनको अन्त्यमा”, येशु “उहाँको प्रायश्चित पूर्ण सङ्गतिको अन्तिम भन्दा अगाडिको अवस्थामा पस्नुभयो” र त्यो चाहिँ “अनुसन्धानबाटको न्याय हो जुन भाग चाहिँ अन्तिममा सबै पापलाई हटाउनु थियो.......” र यो आज पनि चलिनै रहेको छ । जसरी ऐलेन ह्वाइटले व्याख्या गरिन् कि उनीहरुको नाम परमेश्वरको अगाडि आउँछ जसमा उनीहरुको राम्रो र नराम्रो कर्महरुको अनुक्रम रुपमा “किताबहरु”मा लेखिएको हुन्छ । जसलाई प्रकाश २०:१२ मा भनिएको छ र यी कुराहरु “नजिकबाट अनुसन्धान गरिएको छ”। न्यायको यो समयमा “नामहरु स्वीकारीनेछन् र ईन्कार गरिनेछन् ”। ईन्कार

गरिएकाहरु चाहिँ ती व्यक्ति हुन् “जसको पाप किताबमा बाँकी हुन्छ, जसलाई उनीहरुले प्रायश्चित गरेका हुन्नन् र रक्षमा पाएका हुन्नन् ”। स्वीकारीयकाहरु चाहिँ सबै जसले साँचो रुपमा पापको प्रायश्चित गरेका हुन्छन् र विश्वासद्वारा दावी गर्छन् कि ख्रीष्टको रगत प्रायश्चितको बलिदान हो....र उनीहरुको व्यवहार चाहिँ परमेश्वरसँग न्यायसँग मिलेको पाइन्छ । तिनीहरुको मात्र पापको धब्बालाई मेटाइन्छ र उनीहरु आपैm अविनाशी जीवनको लेखमा लेख्नको योग्यका हुनेछन् ।

**उत्तर :** कुनै पनि धर्मग्रन्थ छैन जसले यी भनिएका सिद्धान्त अथवा दृष्टिलाई दर्शाउँछ।

२. पाप क्षमाको निम्ति येशु ख्रिष्टको मृत्यु र क्रुसमा बगाइएको रगत पर्याप्त थियो तर पापको धब्बा हटाउनको लागि थिएन । उनीहरु व्याख्या गर्छन् “पापको धब्बा हटाउन वास्तवमा त्यो समय सम्भव भएन जुन बेला पापको क्षमा दिइयो किनकि तुरुन्त आउने कर्म र रवैयाले अन्तिम निर्णयलाई असर गर्न सक्छ । ” त्यसको सट्टा, जीवन पूरा नहुन्जेल सम्म पाप लेखमा रहिरह्यो–वास्तवमा, धर्मशास्त्रले यो दर्शाउँछ कि यो न्याय नहुन्जेलसम्म रहिरह्यो”। यद्धपि पूर्ण जीवन भइसकेको नाम अनुसन्धानको न्याय अगाडि पठाईयो र त्यसलाई स्वीकारीयो, तर पापको धब्बा अझ पूर्ण रुपमा मेटिएन । यो सम्भव भएन जब सम्म येशुले पापलाई “ शैतान माथि हाल्नु भयो, जसले, न्यायको कार्यन्वयनमा अन्तिम सजाय भोग्नु पर्नेछ ”किनकि ऊ नै “पापको निर्माणकर्ता र पाप गर्नलाई उस्काउने हुन् । भाग्न सफल बाख्रा जसलाई सारा ईज्राएलको पाप बोकाएर पठाईयो, यसै गरि शैतानले सारा पापको दोष भोग्यो जुन उसले परमेश्वरका मानिसहरुलाई गर्न लगाए, र त्यो चाहिँ हजारौँ वर्ष पृथ्वीमा आबद्ध भएर रहिरह्यो ”।
**उत्तर :** यो सिद्धान्तले मृत्यु र येशु ख्रीष्टले कलबरीको क्रुसमा बगाएको रगतद्वारा समाप्त गरिएको कामलाई ईन्कार गर्दछ । यो सिद्धान्तले अरु भन्दा धेरै रुपमा सातौँ दिन अवतारीलाई मुख्यधारको इभान्जलीकलबाट छुट्याउँदछ ।

३. **शनिबारको दिन आराधना** गर्नु महत्वपूर्ण पक्ष भयो जसलाई पछाडि समर्थन गर्ने लेख लेखियो, जसको शीर्षक *सातौँ दिन सबाथ, चिरस्थायी चिन्ह* । यसमा पछिल्लो समय अझ सावधानीका कुराहरु समहिलीत छन् कि तिनीहरु जसले जनावर र त्यसको मूर्तिको पूजा गर्नको लागि निधारमा चिन्ह पाउँदछन् । तिनीहरु त्यो व्यक्ति हुन् जसले आइतबारको आराधनामा पोपको अधिकारलाई

(जनावर) पछ्याउँदछ्न् । उ भन्छ कि रोमन क्थोलिक मण्डलीले सबाथलाई आइतबारमा परिवर्तन गरेका छन् । उनीहरु विबाद गर्छन् कि डिकालोग अथवा दश आज्ञाहरु आधारभूत सिद्धान्तहरु हुन् र यी सिद्धान्तहरु अपरिवर्तित र परिवर्तन गर्न नसकिने छन् ।
**उत्तर :** मण्डलीले पुनरुत्थान पछाडि हप्ताको पहिलो दिन भेला भएर आराधना गर्न थालनी गरे । यूहन्ना २०:१ , प्रेरित २०:७ , १ कोरन्थी १६:२ , प्रकाश १:१० , हिब्रु ४:९ ले यो दर्शाउँछ कि बाँकी सबाथको आत्मा मानिसमा पस्छ जब फेरि जन्मन्छ र मुक्ति पाउँनको लागि उसका कामहरुबाट अलग्याईंन्छ ।

४. **"आत्मा निद्रा"** मा विश्वास राख्नु चाहिँ अवतारी सिद्धान्तको अर्को पक्ष हो जसलाई प्राय बाइबलका विद्वानहरुले यो गति बाहिर चुनौती दिन्छन् । उनीहरु यो शिक्षा दिन्छन् कि आत्मा र शरीर बेहोसीपनाको अवस्थामा छ "मृत्यु चाहिँ साँची नै सत्य निद्रा हो, जुन गहिरो, बेहोसी, टुटाउँन नसकिने छ जबसम्म पुनरुत्थानमा ब्युझाई दैन", कार्लली हेन्स लेख्छन् । उनी विवाद गर्छन् कि "बाइबलको भाषाले स्पष्ट पार्छ कि पूर्ण मानिस निदाउँछ, नता केही भागहरु । कुनै संकेत दिइएको छैन कि मानिस शरीरमा मात्र निदाउँछ, र त्यसको अर्थ यो हो कि उ आत्मामा जागो र होशमा हुन्छ "।
**उत्तर :** यूहन्ना ११:११–१४ , २ कोरन्थी ५:६–८ , फिलिप्पी १:२१–४४

५. **अविनाशी सजाय,** उनीहरु बाइबलका शिक्षा जसले होसमा सदा रहने सजाय अविश्वासीहरुलाई नर्कमा दिने शिक्षालाई ईन्कार गर्दछन् । सिद्धान्तप्रति प्रश्नहरुमा, जो १९५७ मा पहिलो प्रकाशित भएको थियो, उनीहरुको स्थानको **पाँचवटा कारण** दिन्छन्।
(१) परमेश्वरको सित्तैको बरदान ख्रीष्ट येशु हाम्रा प्रभुमा अनन्त जीवन हो (रोमी ६:२३)। पापीहरुले यो धारण गर्दैन । त्यसले " जीवन देख्ने छैन "(यूहन्ना ३:३६); "कुनै हत्यारासँग अनन्त जीवन रहँदैन"(१ यूहन्ना ३:१५)
**उत्तर :** यो साँचो हो । तिनीहरुसँग अनन्त जीवन हुँदैन, तिनीहरुसँग अविनाशी मृत्यु हुन्छ, परमेश्वरबाट अनन्तको लागि अलग हुन्छ । २ थेसोलोनीकी १:८–९

(२) उहाँले तिनीहरुका आँखाको आसु पूर्ण रुपले पुछिदिनु हुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पिडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरु बिती सकेका छन् ( प्रकाश २१:४)
**उत्तर :** उनीहरुले धर्मशास्त्रको यो प्रशंगलाई देखाउँछ "नयाँ स्वर्ग र नयाँ पृथ्वी "। वास्तवमा पापीहरुले यसमा भाग लिन पाउँने छैनन् । पद ८ले घोषणा गर्छ कि तिनीहरुको स्थान "आगो र गन्धकको कुण्डमा फालियो, जुन चाहिँ दोस्रो मृत्यु हो," सदाको लागि परमेश्वर र जीवनबाट अलग भए । (प्रकाश २०:१०)
(३) किनकि यो देखिन्छ परमेश्वरले अविनाशीद्वारा हामीलाई ब्रह्माण्डमा माहमारी स्थान दिलाउनको लागि, र यसले यो दर्शाउँन खोज्छ कि यो परमेश्वर आफैलाई सदाको लागि यसलाई खारेज गर्न असम्भव छ ।
**उत्तर :** मूर्ख। "परमेश्वरमा कुनै कुरा असम्भव छैन"। परमेश्वर माथि उनीहरु आफ्नो तर्कलाई राख्छन् र अप्रतक्ष्य रुपमा उहाँले घोषणा गरेका योजनाका बिपक्षीमा बोल्छन्।

(४) किनकि हाम्रो बिचारमा यसले परमेश्वरको व्यवहारमा भएको प्रेमको बिशेषताबाट झिक्नेछ, र स्वयंसिद्ध क्रोधको विचार जो कहिल्यै शान्त हुँदैन ।
**उत्तर :** परमेश्वरको प्रेमको चौढाई र लम्बाई र उचाई र गहिराई व्यक्त र उपलब्ध सबैलाई छ "जो कोहीले विश्वास " यूहन्ना ३:१६ । तर जो जसले येशुलाई ईन्कार गर्छ र विश्वास गर्दैनन् ,"तिनीहरुले जीवनलाई देख्ने छैनन्, तर परमेश्वरको क्रोध (वर्तमान निरन्तर काल) तिनको साथमा हुनेछ" सदाको लागि । यो चाहिँ अविनाशी मृत्यु हो, र परमेश्वरबाट अलग्याईने छ ।

(५) किनकि धर्मशास्त्रले यो शिक्षा दिन्छ कि ख्रीष्टको प्रायश्चित पूर्ण कार्य चाहिँ "पापलाई हटाउनु हो"( हिब्रु ९:२६ ), पहिलो व्यक्तिबाट, र अन्तमा ब्रह्माण्डबाट । ख्रीष्टको बलिदान, प्रायश्चितको कामको फल पूर्ण रुपमा उद्धार पाएका व्यक्तिहरुमा मात्र होइन तर पुनस्थापित स्वर्ग र पृथ्वीमा पनि देखिने छ । ( एफिसी १:१४ )
**उत्तर :** हो, उनीहरुको विवरण साँचो छ । तर, यसले यो सत्यमा राज गर्दैन कि "आगोको ताल" जहाँ अविश्वास गर्ने पापीहरु, शैतान, दैत्य र फर्जी भविष्यवक्ताहरु," दिन र रात सधै सधैका लागि पिरोलिने छन् "। प्रकाश २०:१०

# ८. दिमागी विज्ञान

## क. पृष्ठभूमि

“दिमागी विज्ञान” ले केही विभिन्न धार्मिक सम्प्रदायलाई समावेश गरेका छन् जसको साझा सिद्धान्तले परमेश्वरलाई हेर्छ र प्रकृतिको तथ्यलाई बाङ्छ । उनीहरुलाई “दिमागी विज्ञान” भनिन्छ किनकि उनीहरु परमेश्वरलाई “दैवत्व दिमाग” भन्दछन्, अस्पष्ट सिद्धान्त । दिमागी विज्ञान समूहले यो शिक्षा दिन्छन् कि दैवत्व दिमागले पुरै वास्तविकतालाई बनाउँछ ; साधनयुक्त विश्व अस्तित्वमा रहँदै रहँदैन अथवा रह्यो भने दैवत्व दिमागको पक्षमा रहन्छ । शिक्षा चाहिँ अद्वैतवाद हो, अस्तित्वमा भएका सबै वस्तुहरुमा परमेश्वर हुन्छ ।

हामी तीनवटा ठूला समूहलाई मात्र ध्यानमा राख्नेछौँ:

**इसाई विज्ञान** (सीएस) को स्थापना मेरी बेकर इडीले १८७९मा गरेका हुन् । उनका आगामी दृष्टिहरु उनको धर्मशास्त्रको आधारमा विज्ञान र स्वास्थमा पाइन्छ । “आध्यात्मिक चङ्गाई” उनको महत्वपूर्ण शिक्षा थियो र यो महत्वपूर्ण इसाई विज्ञान विश्वासको साधक थियो ।

**धार्मिक विज्ञान** (आरएस) जसलाई दिमागको विज्ञान पनि भनिन्छ, जसलाई अर्नेस्ट होम्सले १९२७ मा स्थापित गरेका थिए । उनीहरुको लगभग ६००,००० सदस्यहरु छन् र यो चाहिँ तेजका साथ बढिरहेको दिमागी विज्ञान सम्प्रदाय हो ।

**युनिटि स्कुल अफ ख्रीष्टयानिटी**लाई चार्लस र मार्टिल फिल मोरले १८०० दशकको अन्तिम तिर स्थापित गरेका हुन् । यिनीहरुको लगभग ११०,००० सदस्यहरु विश्व भरिका ३००भन्दा बढी मण्डलीहरुमा छन् ।

## ख. बाइबल बाहिरका शिक्षाहरुको सारांश

१ **प्रकाश**को सम्बन्धमा :

युनिटि स्कुल अफ ख्रीष्टयानिटी र धार्मिक विज्ञानले यो शिक्षा दिन्छ कि सत्यता चाहिँ थुप्रै धर्महरुको “बाइबलहरुमा” पाइन्छ, यद्यपि यसलाई प्राय स्पष्ट र पूर्ण रुपमा उनीहरुको आफ्नै समूहमा सिकाइन्छ । यी “बाइबलहरु”,जसमा ख्रिष्टियन बाइबल पनि समहिलीत छ, र यसलाई आध्यात्मिक रुपमा व्याख्या गरिनु पर्छ । जुन चाहिँ यो हो कि, कुनै पनि वस्तुहरु वास्तवमा अस्तित्वमा छैनन् ।

इसाई विज्ञान फरक छ, जसले दावी गर्छ कि “साँचो इसाई धर्म” इडीको विज्ञान र स्वास्थद्वारा मात्र बुझ्न सकिन्छ ।

२ **परमेश्वर**लाई दैवत्व दिमागको रुपमा हेरिन्छ : व्यक्तित्व नभएको तर अहिलेसम्म व्यक्तिगत रुपमा । परमेश्वर, “यो”, चाहिँ त्रिएक अलौकिक सिद्धान्त अथवा दिमागः जीवन, सत्य, र प्रेम हो । परमेश्वर चाहिँ “सबैमा सबै” ब्रह्माण्डमा भएका सबै कुराहरु पुरा एकीकरण गरिन्छ, जसलाई “सबै चाहिँ एक” भनेर व्यक्त गरिन्छ ।

३ इसाई विज्ञानले **समग्र विश्वको** अस्तित्वलाई ईन्कार गर्दछ, यो चाहिँ एउटा भ्रम हो, र यो वास्तविक रुपमा अस्तित्वमा रहँदैन । धार्मिक विज्ञान र युनिटि स्कुल अफ ख्रीष्टयानिटीले वस्तुको वास्तविकतालाई बयान गर्छ, तर यो भन्छ कि सामाग्री युक्त ब्रह्माण्ड चाहिँ परमेश्वरको शरीर हो; उहाँ सबैमा हुनुहुन्छ तर सबैभन्दा महान हुनुहुन्छ । (प्यानेनथिजम)

४ **येशु** केही रुपमा मात्र मानिस हुनुहुन्थ्यो, अलौकिक युक्ति, अथवा परमेश्वरको युक्तिको शाररीक रुप । येशु परमेश्वरको पुत्र हुनुहुन्थ्यो तर परमेश्वर पुत्र हुनुहुन्थेन ( जसरी त्रिएकलाई बयान गरिएको छ ) । येशु ख्रीष्ट हुनुहुन्थेन; यद्यपि “ख्रीष्ट”को अर्थ “परमेश्वरको अलौकिक स्पष्टता हो, जुन शाररीक रुपमा पुनरुत्थानित त्रुटीलाई विनाश गर्न आयो ”। धार्मिक विज्ञानले विशेष रुपमा यो बयान गर्छ कि येशु, ख्रीष्ट बन्नु भयो जसरी सबै व्यक्तिहरु बन्न सक्छन् । उनीहरुका अनुसार, ख्रीष्ट चाहिँ प्रत्येक व्यक्तिहरुको माथिल्लो व्यक्तित्व हो । सबै दिमागी विज्ञान समूहले यो शिक्षा दिन्छन् कि येशु चाहिँ हाम्रो मुक्तिको पथ प्रदसक हुन्, तर उनले हामीलाई बचाउँन सक्दैनन् । येशु आध्यात्मिक गुरु हुनुहुन्थ्यो जसले अलौकिक विज्ञानको सत्यताको शिक्षा दिनुहुन्थ्यो । उहाँको शिक्षाको व्याख्या आध्यात्मिक रुपमा गरिनु पर्छ ।

५ **मानव जाति** पूर्ण हुन् ,पाप बिना ( जब पाप आयो हामी अवास्तविक भयौं ),र अविनाशी हुन् । उनीहरु परमेश्वरका अङ्ग हुन् । धार्मिक विज्ञान र युनिटि स्कुल अफ ख्रीष्टयानिटीले यो शिक्षा दिन्छ कि मानिसको शरीर चाहिँ, अन्य वस्तुहरु जस्तै हो, र दैवत्व दिमागको प्रकाश हो ।

६ **ख्रीष्टको मृत्यु र पुनरुत्थानको** सम्बन्धमा, किनकि मृत्यु चाहिँ भ्रम हो, ख्रीष्ट क्रुसमा मर्नु भएन । फलस्वरुप, शाररीक पुनरुत्थान अनावश्यक थियो ।

७ **पाप**, वस्तु, शैतान, रोग र मृत्यु चाहिँ अवास्तविक हुन् र भ्रम हुन् ; यिनीहरु थोर रुपमा विनाशकारी सोचाइका रुप हुन् ।

८ मानिसले पहिले नै सधै रहने **मुक्ति** पाइ सकेको छ ; त्यहाँ अन्तिम निर्णय छैन । मुक्तिलाई पाप, बिमारी, र मृत्युको अस्तित्वबाट बचाइएको छ । मानिसहरुले आफ्नो अज्ञानी पनाबाट विजय प्राप्त गर्नैपर्छ र यो महसुश गर्नुपर्छ कि उनीहरु पहिले नै परमेश्वरसित छन् । अतिरिक्त रुपमा, इसाई विज्ञानले यो निश्चय गर्छ कि स्वर्गको राज्यमा पुग्ने एकमात्र बाटो इसाई विज्ञानलाई व्यवहारमा उत्तार्नु हो यो बाहेक कुनै बाटो छैन ।

९ युनिटि स्कुल अफ ख्रीष्टयानिटीको विशेषता पुनरुत्थानको शिक्षा हो । शाररीक मृत्यु पछि, पुनरुत्थान नहुञ्जेलसम्म आत्मा गहिरो निद्रामा जान्छ । सफल पुर्नजन्मले अर्को मानव प्राणीको रुप लिन्छ । प्रत्येक पुनरुत्थान चाहिँ आफ्नै “कर्म” मा भर पर्छ र प्रगतिद्वारा अर्को तहको अस्तित्वमा पुग्छ ,र अन्त्यमा अविनाशी जीवनको शिखरमा पुर्‍याउँछ ।

# ९. बिब्लोग्रफी

अर्को उपदेश रुथ ए टकर, शैक्षिक किताब, जोनडेरभ्यान पब्लिसिङ्ग हाउस, ग्रयान्ड र्‍यापिड मिचिगेन, १९८९

सत्य र त्रुटी, धर्म सम्प्रदाय र इसाई धर्म माथिको तुलनात्मक रेखा चित्र, सम्पादन र साथमा परिचय ऐलेन डब्लु गोम्सबाट, जोनडेरभ्यान पब्लिसिङ्ग हाउस, ग्रयान्ड र्‍यापिड मिचिगेन, १९९८